# लोकसाहित्यको विधागत वर्गीकरण

## १. विधाको परिचय

विधा शब्दले प्रकार, भाग, हिस्सा, अंश आदिलाई जनाउँछ । विधाले प्रकारलाई बुझाए पनि जुनसुकै सामान्य प्रकारलाई नभएर विशिष्ट प्रकारलाई मात्र बुझाउँछ । काव्य वा साहित्यमा प्रचलित खासखास विषय, प्रकारलाई विधा भनिन्छ । विधा परिवर्तनशील हुन्छ । समयक्रममा विधाहरूमा परिवर्तन भई थपघट भइरहन्छ । विधाहरूमा परिवर्तन स्थानका आधारमा पनि भएको हुन्छ । एउटा स्थानमा केही विधा प्रचलित हुन्छन् भने अर्को स्थानमा केही भिन्न विधाहरू प्रचलित हुन्छन् । यही परिवर्तनका कारण समय र स्थानका आधारमा विभिन्न विधाहरूको उल्लेख गरिएको पाइन्छ । लोकसाहित्यका सन्दर्भमा विधाले लोकसाहित्यका प्रकारहरूलाई बुझाउँछ । सिर्जित साहित्यमा विधा छुट्ट्याउने विधासिद्धान्तको विकास भइसकेको भए पनि लोकसाहित्यमा यस्तो विधासिद्धान्तको विकास भएको छैन । यसर्थ सिर्जित साहित्यमा विकसित र प्रचलित विधासिद्धान्तकै आधारमा लोकसाहित्यका पनि विधा छुट्ट्याउनु पर्ने अवस्था रहेको छ ।

साहित्य र लोकसाहित्यका विधामा पनि भिन्नता रहेको छ । साहित्यका कविता, आख्यान (कथा र उपन्यास), नाटक र निबन्ध गरी चार मूल विधा छन् । साहित्यमा कविता विधाअन्तर्गत उपविधाका रूपमा महाकाव्य र खण्डकाव्यको वर्गीकरण गरिन्छ भने लोकसाहित्यमा लोककविता, लोकगाथा/लोककाव्य भनेर बेग्लै विधा छुट्ट्याउने प्रचलन छ । साहित्य गीत छुट्टै विधा नभएर कविताकै उपविधाका रूपमा रहेको छ भने यो छुट्टै विधाका रूपमा रहेको छ । त्यस्तै साहित्यको आख्यान विधाअन्तर्गत कथा र उपन्यास पर्छन् भने लोकसाहित्यमा कथा मात्र छ उपन्यास अहिलेसम्म देखिएको छैन ।

साहित्य र लोकसाहित्य दुवैमा नाटक विधाकै रूपमा रहेको छ । साहित्यमा निबन्ध छुट्टै विधाका रूपमा रहेको भए पनि लोकसाहित्यमा निबन्ध विधाको अस्तित्व देखापर्दैन । लोकसाहित्यमा गाउँखाने कथा, उखान, टुक्का, मन्त्रजस्ता छुट्टै विधा छन् भने साहित्यमा यी विधा छैनन् ।

यसरी हेर्दा साहित्यमा भएका केही विधा लोकसाहित्यमा नहुने र लोकसाहित्यमा भएका केही विधा साहित्यमा नहुने स्थिति पनि रहेको छ । सामान्यत: साहित्य र लोकसाहित्य दुवैतिर पाइनेजति विधाहरू मिल्दाजुल्दा भएकाले साहित्यिक विधासिद्धान्तका आधारमा लोकसाहित्यका विधाहरूको पनि वर्गीकरण गर्ने प्रचलन रहेको देखिन्छ ।


## २. विधा वर्गीकरणका आधार

साहित्यमा विधा वर्गीकरण गर्ने विभिन्न साहित्यशास्त्रीय आधारहरू छन् । साहित्यभित्र प्रचलित विधासिद्धान्तअनुसार लोकसाहित्यको पनि विधा छुट्याएर वर्गीकरण गर्नुपर्ने स्थिति छ । लोकसाहित्यको विधा छुट्याउन पनि साहित्यकै विधा वर्गीकरणका आधारहरूमध्ये प्रस्तुति, माध्यम, श्रेणी, आकार, प्रकार आदिलाई आधार बनाउनु उपयुक्त देखिन्छ । यस्ता आधारहरूमध्ये प्रकारगत आधार नै विधा वर्गीकरणको सर्वप्रमुख आधार हो तापनि अन्य आधारबाट समेत वर्गीकरण गर्दा लोकसाहित्यका विविध प्रकार र तिनका स्वरूपबारे थप महत्त्वपूर्ण जानकारी पाइन्छ । साहित्यको विधा वर्गीकरणका उल्लिखित सबै आधारहरूमा केन्द्रित रही लोकसाहित्यको विधागत वर्गीकरण तल गरिएको छ ।

### (१) प्रस्तुतिका आधारमा लोकसाहित्यको वर्गीकरण

लोकसाहित्यलाई जनसमक्ष पेस गर्ने कामलाई प्रस्तुति भनिन्छ । साहित्यझैँ लोकसाहित्यको प्रस्तुति पनि श्रव्य वा दृश्य रूपमा गरिन्छ । भनेर सुनाइने लोकसाहित्यको प्रकारलाई श्रव्य वा पाठ्य विधा भनिन्छ । यसअन्तर्गत लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि पर्छन् । अभिनयका साथ हेर्नाका निमित्त प्रस्तुत गरिने लोकसाहित्यको प्रकारलाई दृश्य विधा भनिन्छ । यसअन्तर्गत मुख्यत: लोकनाटक पर्छ । केही लोकगाथा पनि हेर्नाका लागि अभिनयसाथ प्रस्तुत गरिने हुँदा ती पनि आंशिक रूपमा दृश्य हुन्छन् ।

प्रस्तुतिका आधारमा वर्गीकरण गरिएको लोकसाहित्यका प्रकारहरूलाई अझ स्पष्टताका लागि तलको आरेखमा देखाइन्छ :





यस आरेखमा प्रस्तुतिका आधारमा लोकसाहित्यलाई श्रव्य र दृश्य गरी दुई मुख्य शाखामा विभाजन गरिएको छ । श्रव्यतर्फ लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाहरू तथा दृश्यतर्फ मुख्यत: लोकनाटक विधा राखिएको छ ।

## (२) माध्यमका आधारमा लोकसाहित्यको वर्गीकरण

साहित्यको माध्यम भाषा भएझैँ लोकसाहित्यको माध्यम पनि भाषा नै हुन्छ । साहित्यझैँ लोकसाहित्यको पनि अनिवार्यता भाषा हो । भाषाका मुख्यत: पद्य र गद्य गरी दुईवटा रूप छन् । लोकसाहित्यको अभिव्यक्ति यिनै दुईमध्ये कुनै एक रूपमा हुन्छ । भाषाको सूक्ष्म र लयात्मक रूपलाई पद्य भनिन्छ । यसअन्तर्गत लोकसाहित्यका लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, मन्त्र र केही लोकनाटक पर्छन् । भाषाको स्थूल र कम लयात्मक रूपलाई गद्य भनिन्छ । यसअन्तर्गत लोकसाहित्यका लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का पर्छन् ।

माध्यमका आधारमा वर्गीकरण गरिएको लोकसाहित्यका प्रकारहरूलाई अझ स्पष्टताका लागि तलको आरेखमा देखाइन्छ :





यस आरेखमा माध्यम वा भाषाका आधारमा लोकसाहित्यलाई पद्य र गद्य गरी दुई मुख्य भागमा बाँडिएको छ । पद्यतर्फ लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, (लोकनाटक), मन्त्र आदि विधाहरू तथा गद्यतर्फ लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का आदि विधाहरू राखिएका छन् ।

### (३) श्रेणीका आधारमा लोकसाहित्यको वर्गीकरण

रचनाहरूको तलमाथिको क्रमलाई श्रेणी वा सोपानक्रम भनिन्छ । लोकसाहित्यको वर्गीकरण श्रेणी वा क्रमका आधारमा पनि गरिन्छ । अपेक्षाकृत ठूला रचनालाई माथिल्लो श्रेणी वा क्रमको र साना रचनालाई तल्लो श्रेणी वा क्रमको मानिन्छ । यस आधारमा लोकसाहित्यलाई स्थूल र सूक्ष्म गरी दुई वर्गमा विभाजन गरिएको छ । लोकसाहित्यका ठूला रचनालाई स्थूल प्रकार मानिन्छ भने साना रचनालाई सूक्ष्म प्रकार मानिन्छ । सोपानक्रमका दृष्टिबाट हेर्दा लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा र लोकनाटक स्थूल श्रेणीका विधा हुन् भने गाउँखाने कथा, उखान, टुक्का र मन्त्र सूक्ष्म श्रेणीका विधा हुन् ।

श्रेणीका आधारमा वर्गीकरण गरिएको लोकसाहित्यका प्रकारहरूलाई अझ स्पष्टताका लागि तलको आरेखमा देखाइन्छ :





यस आरेखमा श्रेणीका आधारमा लोकसाहित्यका स्थूल र सूक्ष्म गरी दुई मुख्य भेदहरू देखाइएका छन् । स्थूलतर्फ लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा र लोकनाटक विधाहरू तथा सूक्ष्मतर्फ गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाहरू राखिएका छन् ।

## (४) आकारका आधारमा लोकसाहित्यको वर्गीकरण

लोकसाहित्यको वर्गीकरणमा आकारले रचनाको कलेवरलाई बुझाउँछ । यस आधारमा लोकसाहित्यलाई बृहत् र लघु गरी दुई मुख्य प्रकारमा बाँडिन्छ । ठूलो कलेवर भएका रचनालाई बृहत् भनिन्छ । यसअन्तर्गत लोकसाहित्यको लोकगाथा/लोककाव्य (लामो आकारको) र लोकनाटक विधा पर्छन् । सानो कलेवर भएको रचनालाई लघु भनिन्छ । लघु रचनालाई लघु र लघुतम गरी दुई प्रकारमा छुट्याइन्छ । यस विभाजनअन्तर्गत लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य (छोटो आकारको), लोककथा आदिलाई लघु विधाभित्र राखिन्छ भने गाउँखाने कथा, उखान, टुक्का र मन्त्रलाई लघुतम विधाभित्र राखिन्छ ।

आकारका आधारमा वर्गीकरण गरिएको लोकसाहित्यका प्रकारहरूलाई अझ स्पष्टताका लागि तलको आरेखमा देखाइन्छ :





यस आरेखमा आकारका आधारमा लोकसाहित्यका बृहत् र लघु गरी दुई मुख्य प्रकार देखाइएका छन् । बृहत्‌तर्फ लोकगाथा र लोकनाटक विधा राखिएको छ । लघुलाई लघु र लघुतम गरी दुई प्रकारमा बाँडी लघुतर्फ लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य (छोटा), लोककथा तथा लघुतमतर्फ गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाहरू राखिएका छन् ।

### (५) प्रकारगत आधारमा लोकसाहित्यको वर्गीकरण

प्रकारका आधारमा विधा छुट्याउने सिद्धान्तलाई प्रकारगत वर्गीकरण भनिन्छ । साहित्यका मूल भेदलाई प्रकार वा विधा भनिएझैँ लोकसाहित्यका मूल भेदलाई पनि प्रकार वा विधा भनिन्छ । प्रकारगत विभाजनलाई वर्गीकरणको विभेदक आधार मानिन्छ । यो नै लोकसाहित्यको विधा वर्गीकरण गर्ने सर्वप्रमुख आधार हो । यस आधारमा लोकसाहित्यलाई लोकपद्य, लोकगद्य र लोकनाट्य गरी तीन मुख्य प्रकारमा बाँडिएको छ । लोकपद्यअन्तर्गत लोकगीत, लोककविता,

लोकगाथा/लोककाव्य र मन्त्र पर्छन् । यस्तै लोकगद्यअन्तर्गत लोककथा, गाउँखाने कथा (केही गाउँखाने कथा पद्यात्मक भए पनि यसको मूल स्वरूप गद्यात्मक नै हुन्छ), उखान र टुक्का पर्छन् भने लोकनाट्यअन्तर्गत लोकनाटक पर्छ ।

प्रकारगत आधारमा वर्गीकरण गरिएको लोकसाहित्यका प्रकारहरूलाई अझ स्पष्टताका लागि तलको आरेखमा देखाइन्छ :




यस आरेखमा प्रकारगत आधारमा लोकसाहित्यका विभिन्न विधाहरू देखाइएका छन् । यस आधारमा लोकसाहित्यका लोकपद्य, लोकगद्य र लोकनाट्य गरी तीन मुख्य प्रकारहरू रहेका छन् । लोकपद्यतर्फ लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य र मन्त्र गरी पाँचवटा विधा पर्छन् भने लोकगद्यतर्फ लोककथा, गाउँखाने कथा, उखान र टुक्का गरी चारवटा विधा पर्छन् र लोकनाट्यतर्फ एउटै मात्र विधा लोकनाटक पर्छ ।

## ३. उपसंहार

समग्रत: माध्यम, प्रस्तुति, श्रेणी, आकार र प्रकारगत आधारमा गरिएको लोकसाहित्यको विधागत वर्गीकरणलाई हेर्दा यसका लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाहरू रहेको तथ्य स्पष्ट हुन्छ । यो वर्गीकरण लोकसाहित्यको वास्तविक वर्गीकरण नभएर आदर्श वर्गीकरण हो ।

शास्त्रका आधारमा गरिने विधागत वर्गीकरणलाई **आदर्श वर्गीकरण** भनिन्छ भने लोकजीवनले मानिआएको विधागत वर्गीकरणलाई **वास्तविक वर्गीकरण** मानिन्छ । नेपाली लोकसाहित्यको वास्तविक वर्गीकरणसम्बन्धी अध्ययन-अनुसन्धानको कमी रहेको हुँदा यसका विधाहरूको साहित्यशास्त्रीय वा आदर्श वर्गीकरण गर्नुपर्ने बाध्यता रहेको छ । विधाहरूको वर्गीकरण गर्ने काम वैज्ञानिक प्रक्रिया भएकाले यसका लागि शास्त्रीय वा आदर्शमूलक ढाँचाको प्रयोग नै उपयुक्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । नेपाली लोकसाहित्यको वास्तविक वर्गीकरण गर्नेतर्फ अझै पनि गम्भीर प्रयास नथालिएको हुँदा यसमा मुख्यत: साहित्यशास्त्रीय विधासिद्धान्तका आधारमा लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ ।